# मर्चवारी गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

रायपुर, रुपन्देही

५ नं प्रदेश नेपाल,

**शैक्षिक तथा भौतिक ब्यवस्थापन कार्यविधि, २०७५**

## मर्चवारी गाउँपालिकाको "शैक्षिक तथा भौतिक ब्यवथापन कार्यविधि-२०७५"

**प्रस्तावना** : मर्चवारी गाउँपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुको पठनपाठन सुचारु रुपमा संचालन गर्न र शिक्षाको गुणस्तरीयता बढाउदैं विद्यार्थी भर्ना दरलाइ बढाउदै सामुदायिक विद्यालयमा विद्यार्थीहरुको आकर्षण बढाउन आवश्यक भएको र मौजुदा दरवन्दीमा कार्यरत शिक्षक संख्या न्यून रहेको वर्तमान अवस्थामा नियमित पठन पाठन गराउन कठिन हुने देखिएको र विगत वर्षहरुमा नेपाल सरकारबाट पि.सि.एफ. अनुदान रकमबाट शिक्षकहरु नियुक्ति गरि कार्यरत रहेको अवस्थामा यस आ.व मा अनुदान रकम उपलब्ध नभएको तथा विगतमा साविकका विभिन्न संस्थाहरुबाट सहयोग प्राप्त गरी निजि श्रोतमा नियुक्त शिक्षकहरु समेतलाई निरन्तरता दिन आवश्यक देखिएकोले मर्चवारी गाउँ कार्यपालिकाले "शैक्षिक तथा भौतिक ब्यवस्थापन कार्यविधि-२०७५" तर्जुमा गरि लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "शैक्षिक तथा भौतिक ब्यवस्थापन कार्य विधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधिमर्चवारी गाउँपालिका भरी तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,-**

(क) "अध्यक्ष" भन्नाले मर्चवारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले  मर्चवारी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले मर्चवारी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले मर्चवारी गाउँ गाउँपालिकालाई सम्झनुपर्छ ।

(च) "शिक्षा शाखा" भन्नाले मर्चवारी गाउँपालिका अर्न्तगत शिक्षा सम्बन्धी काम गर्ने तोकिएको शाखालाई सम्झनु पर्छ ।

(छ) "वडा अध्यक्ष" भन्नाले मर्चवारी गाउँपालिका वडा कार्यालयकाका वडाध्यक्ष सम्झनु पर्छ ।

(ज) "वडा समिति" भन्नाले मर्चवारी गाउँपालिका वडा समिति सम्झनु पर्छ ।

(झ) "विषयगत समिति" भन्नाले विभिन्न विषयमा गाउँपालिकालाई राय, सुझाव र सल्लाह दिन गठन गरिएको विषयगत समिति सम्झनुपर्छ ।

(ञ) "शिक्षा नियमावली" भन्नाले प्रचलित नियम बमोजिम स्थानीय शिक्षा नियमावली तयार नहुन्जेल कायम रहेको संघिय शिक्षा नियमावलीलाई सम्झनुपर्छ ।

**३. अनुगमन समिति :**

**३.१) विद्यालयको भौतिक शैक्षिक अवस्था र विद्यार्थी संख्या  एवम् उपस्थिति दर लागायत विद्यालयको समग्र विकास को लागि स्थलगत अनुगमन गरि राय,सुझाव दिन तपसिल बमोजिम एक अनुगमन समिति रहने छ ।**

(क) गाउँपालिकाको सामाजिक विकास समितिका संयोजक -संयोजक

(ख) गाउँपालिकाको पुर्वाधार विकास समितिको संयाजक - सदस्य

(ग) विद्यालय निरिक्षक वा श्रोत ब्यक्ति - सदस्य

(घ) सम्बन्धित वडा का वडाध्यक्ष - सदस्य ।

(ङ) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत - सदस्य सचिव

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष

३.२)अनुगमन प्रतिवेदनको ढाँचा अनुसूचि-१ अनुसार हुनेछ ।

अनुसूची-१

दफा ४(२) संग सम्बन्धित

१.विद्यालयको नाम :

२.ठेगाना :

३.संचालित कक्षा :

४.शिक्षक विवरण :

| तह | स्थायी | अस्थायी | राहत | पि.सि.एफ | निजि स्रोत | निजि स्रोतको संख्या | रकम |
|---|---|---|---|---|---|---|---|
| प्राथमिक | | | | | | | |
| निम्नमाध्यमिक | | | | | | | |
| माध्यमिक | | | | | | | |
| उच्च माध्यमिक | | | | | | | |

५.विद्यार्थी विवरण :

| कक्षा | हाजिरी रजिस्टर अनुगमनको विद्यार्थी विवरण | | | | | | आजको उपस्थिती | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | दलित छात्र | दलित छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| बालविकास | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| ११ | | | | | | | | | | |
| १२ | | | | | | | | | | |

**भौतीक पुर्वाधारमा देखिएका मुख्य समस्याहरु / आवश्यकता**

.................... वडा अध्यक्ष

.................... **संयोजक**

.................... **संयोजक**

.................... विद्यालय निरिक्षक

.................... पूर्वाधार विकास समिति

.................... पूर्वाधार विकास समिति

.................... **प्रधानाध्यापक**

.................... विदालयको छाप

.................... मिति

४) सेवा सुविधा ।

विद्यालयको आवश्यकता तथा शिक्षक व्यवस्थापन एवम् अनुगमन समितिको सिफारिस समेत को आधारमा तपसिल अनुसारको मासिक पारिश्रमिक रकम उपलब्ध गराउन विद्यालयलाई गाउँकार्य समितिको निर्णय अनुसार थप अनुदान रकम निकासा दिने छ ।

(क) माध्यमिक स्तरका गाउँपालिका शिक्षकको मासिक रु.२१,०००/- हुनेछ ।

(ख) आधारभुत स्तरका (१-८) गाउँपालिका शिक्षकको मासिक रु.१८,०००/- हुनेछ ।

(ग) बाल विकास सहयोगी कार्यकर्ताको पारिश्रमिकमा गाउँपालिकाबाट थप रु.२,०००/- हुनेछ ।

(घ) कार्यालय सहायका (लेखा) को पारिश्रमिकमा गाउँपालिकाबाट थप रु.३,५००/- हुनेछ ।

(ङ) कार्यालय सहयोगी (परिचर) (१-५) को पारिश्रमिकमा गाउँपालिकाबाट थप रु.३,५००/- हुनेछ ।

(च) कार्यालय सहयोगी (परिचर) (१-८) को पारिश्रमिकमा गाउँपालिकाबाट थप रु.१,८००/- हुनेछ ।

(छ) कार्यालय सहयोगी (परिचर) (९-१२) को पारिश्रमिकमा गाउँपालिकाबाट थप रु.२,५००/- हुनेछ ।

(ज) प्रधानाध्यपकको प्र.अ. भत्तामा गाउँपालिकाबाट थप रु.६,००/- हुनेछ ।

(झ) गाउँपालिकाबाट तलब भत्ता खाने कार्यालय सहयोगी (परिचर) (१-८) को पारिश्रमिक रु.८,०००/- हुनेछ ।

(ञ) गाउँपालिकाबाट तलब भत्ता खाने कार्यालय सहयोगी (परिचर) (९-१२) को पारिश्रमिक रु.१०,०००/- हुनेछ ।

(ट) गाउँपालिकाबाट तलब भत्ता खाने पुस्तकालय शिक्षक को पारिश्रमिक रु.१३,०००/- हुनेछ ।

(ठ) गाउँपालिकाबाट तलब भत्ता खाने शिक्षक तथा कर्मचारीको तलब अबधि १२ महिनाको हुनेछ ।

**तर जनता मा.वि को हकमा लाईब्रेरियन,स्वीपर,चौकिदार,कार्यालय सहयोगीको आ.व ०७५/०७६ को श्रावण,भाद्र र असोज महिनाको तलब भुक्तानी गर्न कुनै बाधा पर्ने छैन ।**

**५) विज्ञापन,भर्ना लगायत बृत्ति विकास र नियमन सम्बन्धमा ।**

**(क) विज्ञापन अनुमति :** विज्ञापन गर्न यसै कार्यविधि अन्तर्गत अनुगमन समितिको सिफारिस बमोजिम गाउँपालिकाबाट अनुमति लिई गाँउपालिका स्तरको हकमा ७ दिने र शिक्षा विकास तथा समन्वय ईकाइ को हकमा १५ दिने म्याद दिइ सूचना वडा कार्यालय, गाउँपालिका कार्यालय, शिक्षा विकास तथा समन्वय ईकाइ र स्थानीय पत्रपत्रिकमा समेत विज्ञापन गर्ने ।

**(ख) भर्ना :** विद्यालयमा विद्यार्थी भर्ना शैक्षि शत्र को सुरु महिनामा विद्यालय ब्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ ।

**(ग) परिक्ष संचालन :**

**ग.१) परिक्षा संचालन समिति :** संघिय तथा प्रादेशिक शिक्षा नियमावलीको सोहि तहको सोहि पदको कायम परिक्षा संचालन समिति अनुसार हुनेछ ।

**ग.२) परिक्षाको किसिम :** लिखित/मौखिक/आवश्यक परे प्रयोगात्मक समेत हुनेछ ।

**(घ) नियुक्ति :** परिक्षा समितिले सिफारिस गरी पठाईएको आधारमा सफल उम्मेदवारलाई शिक्षा नियमावली अनुसार गा.पा. शिक्षा शाखा प्रमुख मार्फत नियुक्ति गरिनेछ ।

**(ङ) बृत्ति विकास/सेवा सुविधा :** प्रचलित नियम बमोजिम स्थानीय शिक्षा ऐन,नियमावली तयार नहुन्जेल सम्म संघिय तथा प्रादेशिक शिक्षा नियमावली अनुसार हुनेछ ।

**(च) नियमन र सजाय :** प्रचलित नियम बमोजिम स्थानीय शिक्षा ऐन,नियमावली तयार नहुन्जेल सम्म संघिय तथा प्रादेशिक शिक्षा नियमावली अनुसार हुनेछ ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

(छ) **कोष** :गाउँपालिका शैक्षिक तथा भौतीक व्यवस्थापन आ.व ०७५/०७६ मा राखिएको कोषबाट प्रचलित नियमानुसार खर्च भुक्तान गरिनेछ । साविक बमोजिम सामुदायिक विद्यालयमा कार्यरत पि.सि.एफ. शिक्षक लाई गा.पा निजि शिक्षक कायम गरि सोको तलब भत्ता बि.नि तथा श्रोत व्यक्तिको सिफारिसमा गाउँकार्यपालिका बाट खर्च भुक्तान गरिनेछ ।

(ज) **कार्यविधि संसोधन अधिकार** : कार्यविधि संसोधन गर्न थप गर्नुपर्दा वा खारेज गरि हटाउनुपर्दा संघिय तथा प्रादेशिक शिक्षा नियमावली तथा प्रचलित नियमानुसार गाउँ शिक्षा समितिको अधिकार बमोजिम संसोधन हुन सक्नेछ ।

(झ) **खारेज**: नेपाल सरकार द्वारा स्वीकृत दरबन्दी अनुरुप शिक्षक तथा कर्मचारी स्थायी पदपुर्ती नभईञ्जेल सम्मको लागि प्रति शिक्षक अनुपात ४५ विद्यार्थी संख्या रहनेछन् साथै प्रचलित नियम बमोजिम स्थायी पदपुर्ती भैसकेपछि यो कार्यविधि लागु हुनेछैन । संघिय तथा प्रादेशिक शिक्षा नियमावली संग बाझिएको हकमा स्वत: अमान्य हुनेछ ।

(ञ) **लागु हुन सक्ने** : मितिः २०७५/०६/२३ देखि यो कार्यविधि लागु हुनेछ ।

**केशव नन्द बनिया**
**गाउँपालिका अध्यक्ष**